आज मिति २०८२ साल कार्तिक २ गतेका दिन यस रास्कोट नगरपालिकाका नगर प्रमुख श्री धर्मराज शाही ज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका प्रस्ताव माथि छलफल गरी निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री धर्मराज शाही | नगर प्रमुख | |
| २ | श्री मनिराज बराल | नगर उप-प्रमुख | |
| ३ | श्री उदयराम आचार्य | वडा अध्यक्ष | |
| ४ | श्री ध्रुवराज सिम्खाडा | वडा अध्यक्ष | |
| ५ | श्री राजेन्द्रनाथ योगी | वडा अध्यक्ष | |
| ६ | श्री दिनेश संज्याल | वडा अध्यक्ष | |
| ७ | श्री मन तिरुवा | वडा अध्यक्ष | |
| ८ | श्री कर्ण फर्साल | वडा अध्यक्ष | |
| ९ | श्री कपुर महतारा | वडा अध्यक्ष | |
| १० | श्री मनिराज बराल | वडा अध्यक्ष | |
| ११ | श्री धनबहादुर धामी | वडा अध्यक्ष | |
| १२ | श्री भैरे तिरुवा | कार्यपालिका सदस्य | |
| १३ | श्री दंगली सार्की | कार्यपालिका सदस्य | |
| १४ | श्री तारा वि क | कार्यपालिका सदस्य | |
| १५ | श्री भैपुरा बम शाही | कार्यपालिका सदस्य | |
| १६ | श्री रत्नादेवी न्यौपाने | कार्यपालिका सदस्य | |
| १७ | श्री उमा योगी | कार्यपालिका सदस्य | |
| १८ | श्री पुनम बम शाही | कार्यपालिका सदस्य | |
| १९ | श्री गोविन्द्रा कुमारी बि.क.(सुनार) | कार्यपालिका सदस्य | |
| २० | श्री जवान सिंह बम | सदस्य सचिव | |

## प्रस्तावहरुः

**१. मतदान केन्द्र हेरफेर सम्बन्धमा ।**

**२. विद्यालय छनोट सम्बन्धमा ।**

**३. पहिलो त्रैमासिक कार्यहरुको छनोट सम्बन्धमा ।**

**४. विद्यालय भवन निर्माण सम्बन्धमा ।**

**निर्णय नं. १** माथि छलफल गर्दा यस रास्कोट नगरपालिका अन्तर्गत मतदान केन्द्रहरु हाल विद्यालयमा रहेकाले उक्त मतदान केन्द्रहरुलाई उपयुक्त ठाँउमा राख्न वडा समितिमा छलफल गरि निर्णय गरि निर्वाचन कार्यालय कालीकोटलाई पठाउने भनि वडा समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** माथि छलफल गर्दा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि प्लान ईन्टरनेशनल नेपाललाई विद्यालय शैक्षिक, भौतिक सुधारको लागि तपशिलका विद्यालयहरुलाई प्राथमिकिकरण गरि छनौट गर्ने निर्णय गरियो ।

तपशिलः

माध्यमिक विद्यालय तर्फः

१. कालशिल्ला माध्यमिक विद्यालय – रा न .पा. ०६
२. मोतिराम मा.वि – रा न पा -०२
३. जनजागृति मा वि – रा न पा ०८
४. बडिमालिका मा वि – रा न पा -०५

आधारभूत विद्यालय तर्फः

१. सुन्दर आधारभुत विद्यालय- रा न पा ०१
२. पञ्च आधारभुत विद्यालय- रा न पा ०७
३. मालिका आ.वि – रा न पा -०३
४. पिङ्गलादेवी आधारभूत विद्यालय – रा न पा -०८
५. कालिका आधारभुत विद्यालय – रा न पा -०४

**निर्णय नं. ३** माथि छलफल यस रास्कोट नगरपालिकाको आ.व २०८२/०८३ को पहिलो त्रैमासिक कार्यहरुको समिक्षा गरियो । साथै सम्पुर्ण विषयगत शाखाका कर्मचारी र वडा कार्यालयहरुलाई वार्षिक स्वीकृत कार्यक्रमलाई समयमै कार्यन्यवन गर्न निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ०४ माथि छलफल गर्दा यस रास्कोट नगरपालिका वडा न ०९ स्थित श्री उषा आधारभुत विद्यालय गाँखेतको भवन जिर्ण अवस्थामा रहेको र पठनपाठनमा समस्या भएकाले उक्त विद्यालयको भवन निर्माणका लागि प्रदेश सरकार अन्तर्गत सामाजिक विकास मन्त्रालयमा आवश्यक बजेट माग गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

**निर्णय नं. ५** यस रास्कोट नगरपालिका अन्तर्गत वडा नं. २ स्थित मोतिराम माध्यमिक विद्यालयमा विद्यालय भवनको अभावका कारण पठनपाठनका साथै सिकाई क्रियाकलापमा कठिनाई भएकाले भारतीय राजदुतवासबाट प्राप्त हुने **High Impact Community Development Projects (HICDPs)** अनुदानबाट विद्यालय भवन निर्माणका लागि यस पालिकाको पनि साझेदारी रहनेगरी योजना माग गर्ने निर्णय गरियो।

**निर्णय नं. ६** यस रास्कोट नगरपालिकाको आ.व. २०८२।०८३ का लागि प्रदेश सरकार विशेष अनुदान अन्तर्गत वडा नं.८ स्थित विकल्प स्मृति आधारभूत स्वास्थ्य सेवा केन्द्र (बर्थिङ सेन्टर) भवन निर्माणका लागि रु.३४,००,०००।– (अक्षरुपी चौतिस लाख मात्र) विनियोजन भएकोमा उक्त भवन निर्माण कार्यमा उत्पन्न भएको जग्गा विवाद समाधान गरी रास्कोट नगरपालिका वडा नं. ८ मा रहेको स्वास्थ्य महिला आमा समूहको नेतृत्वमा कार्यदल गठनगरी उक्त कार्यदल समिति मार्फत कार्य गराउने निर्णय गरियो।